'हाम्रो नगर हाम्रो शान, Smart City निर्माण हाम्रो अभियान'

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा

२ नं. प्रदेश, नेपाल ।

पत्र संख्याः२०७३/०७४

चलानी नं.: ३३२

मितिः २०७४/०१/२५

**प्रतिवेदन**

प्रस्तुत बिषयमा नेपाल सरकार (सचिव स्तरको) मिति २०७३/१०/२४ को निर्णय अनुसार २०७४ साल बैशाख १ गते देखि ७ गते सम्म देश भर जनमानसमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गर्न र व्यक्तिगत घटनाको दायरा बढाउने उद्धेश्यका साथ् व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम गर्ने निर्णय भए बमोजिम यस निजगढ नगरपालिकाको नगरक्षेत्रभित्र वडा न. १ देखि १३ सम्म तपशिल बमोजिमको कार्यक्रम सम्पन्न गरियो ।

**तपशिल**

- मिति :- २०७४/०१/०१-०२ र सम्म व्यक्तिगत घटना दर्ता गर्ने/गराउने सम्बन्धमा निजगढ नगर क्षेत्रभित्र प्रचार/प्रसार गरियो ।
- मिति :- २०७४ बैशाख ०३, ०५ र ०६ व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम अन्तर्गत निजगढ नगरपालिकाको वडा न. १,२,३ सिंगौल तथा वडा न. १०,१,१,१२,१३ रतनपुरीमा घुम्ती सेवा संचालन गरियो तथा निजगढ नगरपालिकाको वडा न. ४-९ सम्म वडा कार्यालय स्थलमै VERSP-MIS मा Online Vital Registration गरियो ।
- १३ वटै वडामा मिति २०७४ बैशाख ०३,०५ र ०६ गते घुम्ती सेवा तथा VERSP-MIS मा Online Vital Registration व्यक्तिगत घटना दर्ता गरिएको संयुक्त विवरण निम्न बमोजिम रहेको छ ;

  १.जन्मदर्ता संख्या :- ३०३     २.मृत्युदर्ता संख्या :- १७

  ३.विवाहदर्ता संख्या :- ६९     ४.बसाइसराइ दर्ता संख्या :- ०८

  ५.सम्बन्धविच्छेद दर्ता संख्याः- ०१

- मिति : २०७४/०१/०७ गते निजगढ नगरपालिकाको विभिन्न १३ वटै वडा को विधालयहरुका छात्र/छात्राहरुलाई सहभागी गराउदै व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम अन्तर्गत व्यक्तिगत घटना दर्ताको उद्धेश्य, आवश्यकता तथा महत्व लाइ दर्शाउदै "व्यक्तिगत घटना दर्ता आजको आवश्यकता" बिषयक वक्तृत्वकाला प्रतियोगिताको आयोजन गरियो जसमा विभिन्न स्वास्थ संस्थाको प्रतिनिधिज्युहरु , महिला विकास तथा महिला संजालको प्रतिनिधिज्युहरु, स्थानीय राजनितिक दलहरुको प्रतिनिधिज्युहरु, स्थानीय संचारकर्मी ज्युहरु, सुरक्षा निकायका प्रतिनिधि ज्युहरु लागयत अन्य भद्र भलाद्मीहरुको सहभागिता रहयो । जसमा ०७ वटा बिधालयहरुका १८ जना छात्र/छात्राहरु सहभागी भएका थिए, जसमा प्रतियोगीतिहरुलाई पुरस्कारको साथ-साथै प्रमाण-पत्र प्रदान गरियो । जसमध्ये नेत्रोदय मा.वि. निजगढ न.पा. ०५ प्रथम, गौरीशंकर उ.मा.वि. निजगढ न.पा. ०७ द्धितिय तथा गौरीशंकर उ.मा.वि. निजगढ न.पा. ०६ सडकटोल तृतीय भए ।
- नोट : मिति २०७३ पौष २६ देखि नै निजगढ नगरपालिकाको वडा न. ४-९ सम्मको वडा कार्यालयमा Online Vital Registration लागु रहेको यहाहरुलाई अवगत गराइन्छ साथै Online Vital Registration लागु गर्नेमा निजगढ नगरपालिका नेपालको ८५ औ तथा प्रदेश न. २ को पहिलो नगरपालिकाको रुपमा रहेको छ ।
- २०७४/०१/०४ गते राजकीय भ्रमण सार्वजनिक विदा भएको हुनाले सो दिनमा व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सम्बन्धि सचेतनात्मक प्रचार/प्रसार गरियो ।

भरतचन्द्र अधिकारी
कार्यकारी अधिकृत

website: www.nijgadhmun.gov.np, email: nijgadhmun@gmail.com